**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा 313 शिक्षकहरूको नियुक्तिलाई केन्द्र गर्दै कोलकता प्रस्थान गर्नु हुनेछ।

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले यदि उद्योगपतिहरूलाई केन्द्रीय जाँच एजेन्सीहरूले उत्पीडन गरे भने राज्यमा व्यवसाय र लगानी अवरुद्ध हुने बताउनु भएको छ।

- कलकत्ता उच्च अदालतले २०१० मा हुगली जिल्लामा भएको तृणमूल कांग्रेस कार्यकर्ताको हत्याको जाँच गर्न केन्द्रीय जाँच ब्यूरो (सीबीआई) लाई आदेश दिएको छ।

- आरएसएसका सरसंघचालक मोहन भागवतले आज उत्तर बंगाल तथा सिक्किमका प्रबुद्ध नागरिकहरूलाई सम्बोध्त गर्नु हुने छ।

- आकाशवाणी खरसांगकी पूर्व कार्यक्रम निस्पादक रेनु सिन्हा  हिज पंचतत्वमा विलिन भइन्।

**जीटीए-शिक्षक**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा 313 शिक्षकहरूको नियुक्तिलाई केन्द्र गर्दै कोलकता प्रस्थान गर्नु हुनेछ। हिज संयुक्त माध्यमिक शिक्षक संगठनको केन्द्रिय समितिले जीटीएका मुख्य कार्यपाल अनित थापाको आह्वानलाई स्वीकार गर्दै विद्यालय बन्दको निर्णयलाई स्थगित गरेको थियो। कोलकाता उच्च न्यायालयले एउटा याचिकामाथि सुनवाई गर्दै 313 शिक्षकहरूको नियुक्तिलाई खारेज गरेको थियो। यसको विरोधमा संगठनले जीटीए क्षेत्रका विद्यालयहरू निश्चितकालीन बन्दको घोषणा गरेको थियो। यद्यपि, हिज जीटीएका प्रमुख कार्यपाल अनित थापाले भानु भवन दार्जिलिङको एक सभामा आफु शिक्षक शिक्षिकाहरुको साथमा रहेको र उनीहरूको नोकरी बचाउनको निम्ति जुनै हदसम्म पनि जाने आश्वासन दिनुभयो। उहाले विद्यालयहरु बन्दको निर्णयलाई फिर्ता लिने आह्वान् गरेपछि संयुक्त माध्यमिक शिक्षक संगठन केन्द्रिय समितिले उनको आह्वानलाई स्वीकार गर्दै विद्यालय बन्दको निर्णयलाई स्थगित गरेको छ।

बोर्ड परीक्षाको मुखमा विद्यार्थीहरुको भविष्यलाई मध्यनजर राख्दै एवं जीटीएका मुख्य कार्यपाल अनित थापाको आश्वासनलाई शिरोपर गर्दै यस निर्णयलाई स्थगित मात्र गरेर आगामी दिनमा पुनः यसलाई निरन्तरता दिन सक्ने पनि विज्ञप्तिमा जनाइएको छ। आजदेखि विद्यालयको सम्पूर्ण कामकाज सुचारु रुपमा चल्ने संयुक्त माध्यमिक शिक्षक संगठन, केन्द्रिय समितिका उप सभापति विवेक छेत्रीले प्रेस विज्ञप्तिमा बताउनु भएको छ। यसैबीच दार्जीलिंगका सांसद राजु विष्टले एक प्रेश विज्ञप्ति जारी गर्नु हुदै गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अन्तर्गतका स्कूलहरूमा नियुक्त ३१३ माध्यमिक शिक्षकहरूको नियमतिकरणलाई रद्द गर्ने कलकत्ता उच्च न्यायालयको निर्णयले जीटीए क्षेत्रको लागि तत्काल एउटा क्षेत्रीय स्कूल सेवा आयोग (एसएससी) र कलेज सेवा आयोग (सीएससी) गठन गर्नुपर्ने आवश्यकता दर्शाएको बताउनु भएको छ।

**मुख्यमन्त्री ममता ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले यदि उद्योगपतिहरूलाई केन्द्रीय जाँच एजेन्सीहरूले उत्पीडन गरे भने राज्यमा व्यवसाय र लगानी अवरुद्ध हुने बताउनु भएको छ । उहाँले स्पष्ट रूपमा भन्नु भयो कुनै पनि उद्योग डरको वातावरणमा फस्टाउन सक्दैन। कोलकातामा व्यापार र उद्योग सम्मेलनलाई सम्बोधन गर्नु हुँदै मुख्यमन्त्रीले भन्नु भयो एजेन्सीहरूको बारम्बार धम्कीले व्यवसायहरूलाई असहज बनाइरहेको छ। यसले उनीहरूलाई निरन्तर आशंकित बनाउँछ। यस्तो वातावरणमा उद्योग कसरी अगाडि बढ्न सक्छ भन्नु हुँदै मुख्यमन्त्रीले उद्योगपतिहरूलाई स्वतन्त्र रूपमा काम गर्न दिनुपर्ने बताउनु भयो।
मुख्यमन्त्री ममता ब्यानर्जीले भन्नु भयो, हरेक व्यवसायमा हस्तक्षेप गर्नु सरकारको काम होइन। उद्योगहरूलाई पनि स्वतन्त्रता चाहिन्छ। मुख्यमन्त्रीले वस्तु तथा सेवा कर (जीएसटी) को बारेमा केन्द्र सरकारलाई पनि प्रश्न गर्नु भयो। उहाले अब राज्यहरूको आफ्नै छुट्टै कर नरहेको बताउनु भयो। देशमा एकल कर प्रणाली छ। उहाँले पश्चिम बंगालको जीएसटी राजस्वबाट लगभग २०,००० करोड रुपैयाँ कटौती गरिएको बताउनु भयो।

## उच्च अदालत-सीबीआई

कलकत्ता उच्च अदालतले २०१० मा हुगली जिल्लामा भएको तृणमूल कांग्रेस कार्यकर्ताको हत्याको जाँच गर्न केन्द्रीय जाँच ब्यूरो (सीबीआई) लाई आदेश दिएको छ। यो मुद्दा लगभग १५ वर्ष पुरानो हो र राज्यको अनुसन्धान एजेन्सी, जाँच एजेन्सी (सीआईडी) ले अहिलेसम्म कुनै ठोस निष्कर्षमा पुगेको छैन। हिजको सुनुवाइको क्रममा, अदालतले लामो ढिलाइ र प्रगतिको अभावका कारण अब सीबीआईले मुद्दाको जाँच गर्ने बताएको छ। अदालतको आदेश अनुसार, मुद्दासँग सम्बन्धित सबै कागजात र रेकर्डहरू सीबीआईलाई हस्तान्तरण गरिनेछ र अनुसन्धान नयाँ रूपमा सुरु हुनेछ।

यो मुद्दा २०१० को हो, जब हुगलीको जंगीपाडा क्षेत्रको प्रसादपुर हाई स्कूलमा अभिभावक प्रतिनिधि चुनावको क्रममा गोलीबारी भएको थियो। तृणमूल कांग्रेस कार्यकर्ता रोबिन घोषलाई गोली हानी हत्या गरिएको थियो। जंगीपाडा पुलिस चौकीका तत्कालीन प्रभारी तपस्व्रती चक्रवर्तीलाई भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) कार्यकर्ताहरूसँग मिलेर सरकारी हतियारले गोली हान्न षड्यन्त्र गरेको आरोप लगाइएको थियो। हत्यापछि, मुद्दा राज्यको आपराधिक जाँच विभाग (CID) लाई हस्तान्तरण गरिएको थियो। मृतकको परिवारले १५ वर्षभन्दा बढी समय बितिसक्दा पनि जाँचले कुनै ठोस नतिजा नल्याएको आरोप लगाएको छ। यो घटना राज्यमा वाम मोर्चा सरकारको कार्यकालमा भएको थियो।

## मुख्यमन्त्री ममता ब्यानर्जी

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले हिज राज्यको ग्रामीण रोजगार ग्यारेन्टी योजना महात्मा गान्धीको नाममा राख्ने घोषणा गर्नु भएको छ । उहाले भाजपाको नेतृत्वमा रहेको केन्द्र सरकारले २० वर्ष पुरानो महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी योजना खारेज गरेर नयाँ ग्रामीण रोजगार विधेयक ल्याएर राष्ट्रपिताको नाम मेटाउने प्रयास गरिरहेको आरोप लगाउनु भयो । कोलकातामा आयोजित व्यापार तथा उद्योग सम्मेलनलाई सम्बोधन गर्नु हुदै मुख्यमन्त्रीले भन्नु भयो, यदि केही राजनीतिक दलहरूले राष्ट्रिय प्रतीकहरूको सम्मान गर्न असफल भए भने उनको सरकारले जिम्मेवारी लिनेछ। लोकसभामा विकास भारत ग्रामीण रोजगार तथा जीविकोपार्जन मिशन विधेयक पारित भएको सन्दर्भमा सुश्री ब्यानर्जीले देश अब महात्मा गान्धीलाई पनि बिर्सने दिशामा अघि बढिरहेकोमा आफु लज्जित रहेको बताउनु भयो । मुख्यमन्त्रीले राज्य सरकारको कर्मश्री योजना अब महात्मा गान्धीको नाममा राखिने घोषणा पनि गर्नु भयो । उहाले भन्नु भयो, कर्मश्री योजना अन्तर्गत, राज्य सरकारले आफ्नै स्रोतबाट लाभार्थीहरूलाई ७५ दिनको काम प्रदान गरिरहेको छ, जबकि केन्द्र सरकारले मनरेगाबाट रकम रोकेको छ। उहाले भविष्यमा कर्मश्री योजना अन्तर्गत काम गर्ने दिनको संख्या १०० पुर्‍याउने लक्ष्य रहेको पनि बताउनु भयो । मुख्यमन्त्रीले केन्द्र सरकारले कोष रोके पनि राज्य सरकारले मानिसहरूलाई रोजगारी प्रदान गर्न जारी राख्ने कुरा सुनिश्चित गर्ने स्पष्ट पार्नु भयो ।

## आरएसएस युवा सम्मेलन- भागवत

राष्ट्रीय स्वयंसेवक संघ RSS-को शताब्धी वर्ष समारोहको अवसरमा सिलगढीको दुई माइल स्थित एक विद्यालयको प्रागणमा हिज एउटा विशाल युवा सम्मेलन आयोजित गरियो। आज श्री भागवतको एउटा अर्को प्रमुख कार्यक्रम छ जसमा उत्तर

बंगाल तथा सिक्किमका प्रबुद्ध नागरिकहरूलाई सम्बोध्त गर्नु हुने छ। उहाँले हिजको सम्मेलनलाई सम्बोधित गर्नु हुँदै RSS-का सरसंघचालक डा. मोहन भागवतले भन्नु भयो – विविधतामा एकताको यो दर्शन भारतको आविश्कार हो। यो दर्शनले नै आगामी दिनहरूमा विश्वलाई शान्तिको बाटो देखाउने छ। उहाँले केवल सरकारमाथि नै भार नपरि प्रत्येक व्यक्ति यो दर्शनलाई बलियो बनाउ आज अघि आउनु पर्छ भन्दै यो चिन्तन र दर्शन बोक्ने समाजलाई अझ बलियो बनाउनु पर्ने कुरामा जोड दिनु भयो। यसका लागि डा. भागवतले पंच परिवर्तनको कुरा गर्नु भयो जसमा पर्यावरणको संरक्षण, जातीय विद्वेशको अन्त, परिवार प्रबोधन, नागरिक कर्तव्य पालन तथा स्वत्वको भाव जागरन तत्व सामेल छन्। उहाँले अझ भन्नु भयो राष्ट्रीय स्वयंसेवक संघ- RSS ले समाज जीवनमा यो पाँचवाटा कामलाई अघि बढाउने छ। यसका लागि देशका युवाहरूलाई अघि आएर यसमा सहभागिता गर्ने उहाँले आह्वान पनि गर्नु भयो। सुन्नुहोस् हाम्रो संवाददाताबाट एक रिपोर्ट..

BYTE

**<u>रेनु सिन्हा- निधन</u>**

आकाशवाणी खरसांगकी पूर्व कार्यक्रम निस्पादक रेनु सिन्हा हिज पंचतत्वमा विलिन भइन् । उहाँको गत बुधबार ७८ वर्षको उमेरमा निधन भयो I उहा १९७७ मा आकाशवाणी खरसांगको शह सम्पादकको रूपमा नियुक्त हुनु भएको थियो भने पछि आकाशवाणी खरसांगको कार्यक्रम निस्पादकको रूपमा कार्यरत भएर २००७ मा सेवानिवृत्त हुनु भएको थियो I यसरी नै आकाशवाणीमा कार्यरत हुन अघि उहा खर्सांगको रामकृष्ण उच्चतर माध्यमिक विद्यालयमा शिक्षिकाको रोप्मा पनि कार्यरत हुनुहुन्थ्यो I उहा आकाशवाणी खरसांगको कार्यक्रम शैक्षिक प्रसाधन, नाटक, रूपक अनि विज्ञान जस्ता कार्यक्रमहरूमा संलग्न हुनु हुन्थ्यो I उहाको निधनप्रति आकाशवाणी खरसांग हार्दिक श्रद्धन्जली अर्पण गर्दछ I

****** ० ******